# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

**भाग:२ खण्ड:१० संख्या:३ मिति:२०८३/०६/२२**

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**खिजीदेम्वा गाउँपालिकाको सङ्गीत प्रशिक्षक, नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०६/१९

राजपत्रमा प्रकाशित मिति:२०८३/०६/२२

खिजीदेम्वा गाउँपालिकाको सङ्गीत प्रशिक्षक, नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावनाः

खिजीदेम्वा गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको शारिरीक, मानसिक, वौद्धिक विकासका अतिरिक्त क्षमता विकास अन्तरनिहित क्षमता प्रस्फुटनमा सहयोग पुर्याउन, संगित क्षेत्रको अतिरिक्त क्रियाकलापमा सक्रियता बढाउन, विद्यालयहरुमा सङ्गीतको प्रशिक्षण सञ्चालन गर्न साथै आधारभूत तहको पाठ्यक्रम संलग्न सङ्गीतसँग सम्बन्धित विषयवस्तुमा शिक्षण गर्न, सङ्गीत प्रशिक्षण सञ्चालन गरी विद्यार्थीलाई साङ्गीतिक प्रतिभाको विकास गर्न, अन्य स्थानीय तह र राष्ट्रिय स्तरमा सङ्गीतको माध्यमबाट खिजीदेम्वा गाउँपालिकाको पहिचान गराउन, गाउँपालिकाभित्र रहेका सङ्गीत प्रतिभा एवं सृजनशीलताको कदर गर्दै सङ्गीत र सङ्गीत क्षेत्रका कलाकार, व्यक्ति संस्थाहरुलाई संरक्षण, प्रवर्द्धन, सम्मान र प्रोत्सहान सहित सकरात्मक सोच र उच्च मनोवलका साथ मर्यादित र अनुशासन सहितको क्षमता एवं प्रतिभाको विकास गर्न, संगित प्रशिक्षणको माध्यमबाट आपसी विश्वास, सहकार्य र एकताद्धारा सामाजिक सद्भाव समेत कायम गर्न गराउन वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२१ र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि पछि प्रदेश सरकारले जारी गर्ने कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर हुने गरी यस खिजीदेम्वा गाउँपालिकाको गाउँकार्यपालिकाले यो सङ्गीत प्रशिक्षक, नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३ जारी गरेको छ ।

## परिच्छेद- एक
## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "खिजीदेम्वा गाउँपालिकाको सङ्गीत प्रशिक्षक, नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिकावाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागूहुनेछ ।

१.३. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "सङ्गीत" भन्नाले गायन र वादनको सामुहिक रुपलाई सम्झनु पर्छ ।

(ख) "प्रशिक्षक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्ति तथा परिचालन गरिने सङ्गीत प्रशिक्षक।

सम्झनु पर्छ।

(ग) "अतिरिक्त क्रियाकलाप" भन्नाले विद्यार्थीहरुको लागि खिजीदेम्वा गाउँपालिका र विद्यालयहरुले सञ्चालन गर्ने सङ्गीतसँग सम्बन्धित प्रतियोगिता वा गतिविधि सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "संस्था" भन्नाले सङगीत सम्बन्धी गितविधि सञ्चालन गर्ने संस्था सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ तथा खिजीदेम्वा गाउँ कार्यपालिकाले निर्माण गरेको शिक्षा ऐन, २०७५ लाई समेत जनाउँदछ ।

(छ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्दछ ।

(ज) "विद्यालय" भन्नाले खिजीदेम्वा गाउँलिका भित्र सञ्चालित सामुदिक विद्यालय सम्झनु पर्छ ।

(झ) "शिक्षक" भन्नाले खिजीदेम्वा गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकहरुलाई सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले खिजीदेम्वा गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्छ ।

(ट) "आचार संहिता" भन्नाले शिक्षकले शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ मा व्यवस्था गरिएको शिक्षकले पालना गर्नुपर्ने सम्पूर्ण आचारसंहिता वुझ्नुपर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खिजीदेम्वा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(ड) "कार्यालय" भन्नाले खिजीदेम्वा गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ढ) "पाठ्यक्रम" भन्नाले नेपालमा लागु भएको वर्तमान पाठ्यक्रम सम्झनु पर्छ ।

(ण) "विषयविज्ञ" भन्नाले सङ्गीत प्रशिक्षक छनोटको लागि कार्यालयले खटाएको विषयविज्ञ सम्झनुपर्छ।

(त) "विद्यार्थी" भन्नाले खिजीदेम्वा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ ।

(थ) "नृत्य" भन्नाले लय र तालमा शरीरका अंगहरुलाई चलाउदै भाव तथा अनुभूति व्यक्त गर्ने कलालाई वुझिन्छ ।

## परिच्छेद-दुई

## छनौट समिति, पाठ्यक्रम/मूल्यांकनका आधार तथा कर्मचारी नियुक्ति प्रक्रिया

### २.१ विद्यालय कर्मचारी र बालविकास सहजकर्ता छनौट तथा सिफारिस (परीक्षा ) समितिः

"सङ्गीत प्रशिक्षक छनौट तथा सिफारिस समिति देहाय बमोजिम रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख.कार्यालयले तोकेको गीत/संगीत सम्बन्धी ज्ञान भएको विषयविज्ञ १ जना - सदस्य

ग. प्रशासन शाखाको प्रतिनिधि १ जना - सदस्य

घ.शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**२.२ पाठ्यक्रम/मूल्यांकनका आधार :**

| क.स. | मूल्यांकनका क्षेत्र | अंकभार |
|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **१५** |
| | क.न्यूनतम शैक्षिक योग्यता | १० |
| | | प्रथम श्रेणी-१० |
| | | द्बितीय श्रेणी-८ |
| | | तृतीय श्रेणी -६ |
| | ख.माथिल्लो शैक्षिक योग्यता | ५ |
| | | प्रथम श्रेणी-५ |
| | | द्बितीय श्रेणी-३ |
| | | तृतीय श्रेणी -२ |
| **३** | **सङ्गीत/संगीत तालिम लिएको प्रमाण पत्र** | **२५** |
| | | ६ महिना भन्दा बढी वअधीको भए -२५ |
| | | ६ महिना अवधिको -२० |
| | | ३ महिना अवधिको भए- १५ |
| | | १ महिना अवधिको भए-१० |
| **४** | **सङ्गीत/संगीत विषय अध्ययन गरेको भएमा** | **२०** |

| | | |
|---|---|---|
| | स्नात्तकोतर तह | २० |
| | स्नातक तह | १५ |
| | १०+२ तह | १० |
| ५ | **भौगोलिक क्षेत्रको** | **१५** |
| | खिजीदेम्वा गाउँपालिका भित्रको स्थायी बासिन्दा भएमा | १५ |
| | ओखलढुङ्गा जिल्ला भित्रको स्थायी बासिन्दा भएमा | १० |
| | ओखलढुङ्गा जिल्ला बाहिरको स्थायी बासिन्दा भएमा | ५ |
| ६ | **अन्तरवार्ता** | **२५** |
| | | व्यक्तित्व-५ |
| | | प्रस्तुती -५ |
| | | सङ्गीत प्रशिक्षण सम्बन्धी ज्ञान-५ |
| | | अनुभव-५ |
| | | प्रतिवद्धता-५ |
| **जम्मा** | | **१००** |

**२.२. क.** उम्मेदवारले अनुभवको प्रमाणित कागज पेश गरेमा प्रति वर्ष १ अंकका दरले लाई अनुभव बापत अधिक्तम ५ अंक प्रदान गरिनेछ ।

**२.३ परीक्षा केन्द्र** : खिजीदेम्वा गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय

**२.४ नियुक्ति प्रक्रियाः**

क. गाउँ कार्यपालिकाको निर्णयानुसार कम्तिमा ७ दिनको म्याद राखी दरखास्त आहवानको सूचना प्रकाशन गर्ने ।

ख. उम्मेदवारले पेश गरेको कागजातको आधारमा मूल्यांकन गरी छोटो हुने उम्मेद्वारहरुको नामावली प्रकाशन गर्ने ।

ग. छोटो सूचीमा पर्ने उम्मेदवारहरुको अन्तरवार्ता लिई समग्र मूल्यांकनको प्राप्ताङको आधारमा छनोट गरिनेछ ।

घ.योग्यताक्रमको आधारमा सफल र बैकल्पिक उम्मेद्वार छनौट तथा सिफारिस (परीक्षा) मसितिले नियुक्तिको लागि सीफारिस गरिने ।

ङ. नियुक्तिको लागि सूचना प्रकाशन गरिएको मितिले ३ दिन भित्र उम्मेद्वारले कार्यालयमा करार सम्झौताको लागि सम्पर्क गरिसक्नु पर्नेछ । अन्याथा स्वत: बैकल्पिक उम्मेद्वारलाई कार्यालयले नियुक्ति गर्न सक्नेछ ।

च.नियुक्ति पत्र पाएको मितिले ३ दिन भित्र उम्मेदवार कार्यालयमा हाजिरी भईसक्नु पर्नेछ । अन्याथा स्वत: बैकल्पिक उम्मेद्वारलाई कार्यालयले नियुक्ति गर्न सक्नेछ ।

छ. कार्यपालिकाको निर्णयानुसार बढीमा ६ महिनाको लागि करारमा नियुक्ति गरिनेछ।

ज. नियुक्ति गरिएको प्रशिक्षकले चित्त वुझ्दो काम नगरेमा वा आचारसंहिता विपरित काम गरेमा गाउँ कार्यपालिकाको निर्णयले जुनसुकै वखत पद मुक्त गर्न सक्नेछ, तर नीजलाई पदबाट बर्खास्त गर्नुभन्दा अगाडि सफाइ पेश गर्ने मौका दिईनेछ।

## परिच्छेद-तीन
## उम्मेद्वारको योग्यता तथा अन्य व्यवस्था

**३.१.आवश्यक न्युनतम योग्यता**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरेको,

ख. १०+२ मा ऐच्छिक विषयको रुपमा सङ्गीत/नृत्य विषय अध्ययन गरेको वा मान्यता प्राप्त सङ्गीत पठशालाबाट सङ्गीत सम्बन्धी तालिम लिई प्रमाण पत्र प्राप्त गरेको ।

**३.२. उम्मेद्वारको लागि अयोग्यता-** देहायका व्यक्तिहरु कर्मचारी पदमा उम्मेद्वार हुनको लागि योग्य हुन सक्ने छैन-

क) गैर नेपाली नागरिक,

ख) २१ वर्ष पुरा नभएको,

ग) ४५ वर्ष पूरा भएको,

घ) मानसिक स्वास्थ्य ठीक नभएको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

छ) न्युनतम योगयता नपुगेको ।

**३.३.<u>बिदा</u>-** प्रशिक्षकले सेवा अवधिभर प्रति महिना १ दिनका दरले पर्व वा भैपरी बिदा र प्रति महिना १ दिनका दरले बिरामी बिदा पाउनेछ । अन्य सहुलियत वा विदा कर्यालयको नियमानुसार पाउनेछ ।

**३.४. <u>आचर संहिता तथा जिम्मेवारी</u>** — सङ्गीत/नृत्य प्रशिक्षकले देहाय अनुसारको आचार संहिता पालना तथा जिम्मेवारी बहन गर्नुपर्नेछ ।

क. आफूलाई दिइएको जिम्मेवारी इमानदारीतापूर्वक पूरा बहन गर्नुपर्नेछ ।

ख. प्रशिक्षण गरेको विद्यालयबाट काम गरेको समयावधि सहितको सिफारिस पत्र सम्वन्धित विद्यालयबाट प्रमाणित गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग. प्रशिक्षकले गाउँपालिकाबाट उपलब्ध गराइने पारिश्रमिक तथा भत्ता बाहेक कुनै विद्यालय, संघ, संस्था तथा व्यक्तिबाट थप कुनै सुविधा लिन पाउने छैन ।

घ. कुनै पनि राजनीतिक कृयाकलापमा संलग्न हुनु हुदैंन र कार्यसम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनुहुदैंन ।

ङ. प्रशिक्षकले गाउँपालिकामा हाजिरी नभए दिन आफुले काम गरेको विद्यालयमा हाजिरी गर्नुपर्ने र सो जानकारी कार्यालयलाई दिनुपर्ने ।

च.प्रशिक्षकले आफूले गरेको कामको विवरण सहितको प्रतिवेदन मासिक रुपमा पेश गर्नुपर्ने ।

छ. प्रशिक्षकले खिजीदेम्वा गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुमा घुम्ती संगीत प्रशिक्षण, विद्यालयको माग र आवश्यकताको अनुसार पाठ्यक्रममा उल्लिखित सङ्गीतसँग सम्बन्धित विषयवस्तुको शिक्षण गर्नुपर्ने ।

ज. विद्यालय तथा गाउँपालिकाले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापमा सहयोग गर्नुपर्ने ।

झ. कार्यालयले निर्धारण गरेको अन्य आचारसंहिता पालन तथा जिम्मेवारी वहन गर्नुपर्ने ।

**३.५. <u>पारिश्रमिक तथा भत्ता</u>**: नृत्य/सङ्गीत प्रशिक्षकको पारिश्रमिक तथा अन्य भत्ता देहाय अनुसार हुनेछः

क. पारिश्रमिकः निम्न माध्यमिक तह तृतीय श्रेणी शिक्षक सो सरहको पारिश्रमिक,

ख. फिल्ड भत्ताः मासिक रु ५,०००।- ,

ग. चाडपर्व भत्ताः १ महिनाको पारिश्रमिक सरहको चाडपर्व भत्ता, (६ महिनाभन्दा बढी सेवा गरेको भएमा)

घ. पोषाक भत्ताः वार्षिक रु १०,०००।-,

ङ.अन्य सेवा सुविधा गाउँ कार्यपालिकाकको निर्णयानुसार हुनेछ ।

## परिच्छेद- चार
## अन्य व्यवस्था

४.१. गाउँ कार्यपालिकाको निर्णयले निर्धारण गरको पद र कोटा अनुसार प्रशिक्षक नियुक्ति गरिनेछ ।

४.२. नियुक्ति हुने प्रशिक्षकको पारिश्रमिक तथा भत्ताको लागि आवश्यक बजेट गाउँसभाले सुनिश्चित गर्नुपर्ने छ ।

४.३. गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि यो कार्यविधि लागु हुनेछ र यस सम्बन्धमा बनेको सम्पूर्ण अघिल्लो कार्यविधिहरु खारेज हुनेछ ।

४.४.यस कार्यविधिमा उल्लेख नभएका अन्य विषयको हकमा यस सम्बन्धमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यपालिकाले गरेको निर्णय मान्य हुनेछ ।

**आज्ञाले**
**नबिना गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**